# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bhratpur, Chitwan, Nepal

प.सं.२०८०/८१
च.नं. ६६६८

मिति २०८१/०२/२८

श्री निर्माण सामाग्री (ढुङ्गा,गिटी,वालुवा) बिक्रेता ब्यावसायीहरु सबै
श्री अस्थायी इजाजत प्राप्त क्सर उध्योगहरु सबै
भरतपुर महानगरपालिका

विषयः-मौज्दात प्रमाणित गर्ने/गराउने सम्बन्धी सुचना।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिका क्षेत्रभित्र रहेका निर्माण सामाग्री (ढुङ्गा,गिटी,वालुवा) ब्यवसायीहरुले प्रत्येक आ.ब.को जेष्ठ मासान्त भित्र स्टक प्रमाणित (मौज्दात बैधता मापन, SVM ) गर्नु पर्ने कानुनी प्रावधान रहेको छ। चालु आ.ब. २०८०/८१ मा भरतपुर महानगरपालिका क्षेत्रभित्र आफुले ठेक्का वा खरीद मार्फत प्राप्त गरी मौज्दात भन्डारण ( स्टक)गरी राखेको निर्माण सामाग्रीहरुको परिमाण खुलेको कागजातसहित यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपसिलका कागजात सहित परिमाण प्रमाणित गर्न भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निबेदन पेश गर्नुहुन सम्बन्धीत सवैमा जानकारी गराइन्छ। मिति २०८१/३/1 देखि स्टक प्रमाणित भएको बिन्दु वा बिक्रेताबाट मात्र ढुङ्गा,गिटी,वालुवा बिक्री वितरण गर्न पाइने ब्यहोरा अवगत गराईन्छ। स्टक प्रमाणीत नभएको बिक्रिकेन्द्र, प्राप्तीको श्रोत नखुलेका ब्याबसायीबाट,वा अन्य कसैले नदीजन्य पदार्थ (ढुङ्गा,गिटी,वालुवा) बिक्री वा ओसार,पसार गरेमा त्यस्तो नदिजन्य निर्माण सामाग्री अवैध ठहर गरी जफत/तथा कारवाही हुने व्यहोरा आदेशानुसार जानकारी गराइएको छ।

<u>परिमाण प्रमाणितका लागि पेश गर्नुपर्ने कागजातहरु</u>

१) निर्माण सामाग्री प्राप्तिको श्रोत( ठेक्का वा खरिद सम्बन्धि कागजातहरु)
२) मौज्दात खुलेको बिबरण।
३) आ.ब.२०८०/८१ मा भएको खरिद तथा बिक्रि किताव,
४) सम्बन्धित फर्म/ कम्पनी/ब्यक्तिले सो कार्य गर्न लिएको इजाजत पत्र
५) निबेदन,

अधिकृत

बोधार्थः-
ग) श्री जिल्ला समन्वय समितिको कार्यालय, चितवन
घ) श्री जिल्ला प्रशासन कार्यालय,भरतपुर चितवन
ग) श्री जिल्ला प्रहरी कार्यालय, भरतपुर चितवन
घ)श्री शसस्त्र प्रहरी बल नेपाल १७ नं गण हे.क्वा. आँपटारी चितवन।

<u>सादर अवगतार्थ</u>
श्रीमान नगर प्रमुख ज्यू
श्रीमान नगर उप प्रमुख ज्यू
श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू



Scanned with CamScanner